आज मिति २०७५ साल माघ १० गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.श | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लाहुराम थारु | अध्यक्ष | |
| २ | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र बहादुर वली | १नं. वडा अध्यक्ष | |
| ४ | श्री मदन कुमार वली | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गंगाराम थारु | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री कान्छा थारु | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री झगरु थारु | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री जनक बहादुर थारु | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री खुम बहादुर बस्नेत | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री महाँवीर वली | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३ | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४ | श्री लिला नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६ | श्री पत्ररी दमाई | कार्यपालिका सदस्य | |
| १७ | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १ | श्री प्रकाश के.सी. | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं. १ यस गाउँपालिका कार्यालयमा हेवी सवारी र हलुका सवारी चालक नभएका कारण खरिद भएका मोटर ग्रेडर, रोलर र स्कारपियो जीप संचालन गर्नका लागि २ (दुई) हेवी सवारी चालक र १ (एक) हलुका सवारी चालक सेवा करारमा लिने र सो को छनौट प्रक्रिया शुरु गर्ने।

निर्णय नं.२ यस गाउँपालिकाले नदी जन्य पदार्थको बोलपत्र आह्वान गरि जिल्ला प्रशासन, जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलि सकेको र सो को मूल्याङ्कन गर्न तपसिलको समिति गठन गर्ने ।

तपसिल

ईन्जिनियर श्री देपेन्द्र सापकोटा - संयोजक
वडा अध्यक्ष श्री खुम बहादुर बस्नेत - सदस्य
लेखापाल श्री गोविन्द भण्डारी -सदस्य

निणर्णय नं. ३ यस कार्यालयको सुरक्षाका लागि ३ (तीन जना ) सुरक्षा गाड आवश्यक रहेकाले सुचना प्रकाशन गरि सो कार्य गर्ने कम्पनीसगँ सिलबन्दी दरभाउ पत्र माग गर्ने ।

निणर्णय नं. ४ यस गाउँपालिकालाई एउटा पियो डब्ल क्याप पिकअप आवश्यक रहेकाले ईच्छुक सवारी धनीबाट घटिघटाउ सिलबन्दी दरभाउ पत्र माग गर्ने ।

निणर्णय नं. ५ मिति २०७४/५/२७ को कार्यपालिका बैठक संख्या १० को निर्णय नं ४ को निर्वाचित पदाधिकारीलाई इन्धन तथा संचार खर्च तथा अन्य सुविधाहरु निधारण गरेकोमा चालु आ.ब.२०७५/०७६ को श्रावण देखि लागु हुने गरि उक्त निर्णय बमोजीमको सुविधा रकम सम्पुर्ण पदाधिकारीलाई आगामी अषाढ सम्म मासिक रुपमा भुक्तानी गर्ने आदेश दिने ।

निणर्णय नं. ६ तपसिलका योजनाहरु ५ नं. प्रदेश सरकार संघिय मामिला तथा आर्थिक योजना मन्त्रालय सँग माग गर्ने

१ चप्परगौडी देखि चुनाह नाका जोडने पुल वडानं. १
२ बाँस खोलि भवानीपुर राप्ती नदिमा पक्की पुल वडानं. १
३ स्वास्थय भवन १५०० सैयाको भवन निर्माण राप्ती सोनारी ८

निणर्णय नं. ७ तपसिलका ग्रामिण सामुदायिक विधुतिकरण उपभोक्ता समुहको टिओडी मिटर खरिदका लागि अनुदान माग भै आएकोमा तपसिलको रकम अनुदान स्वरुप प्रदान गर्ने ।

तपसिल

१.कचनापुर ग्रामिण सामुदायिक बिधुतिकरणलाई रु ८०००००।- (आठ लाख) नबढने गरि प्रदान गर्ने

२. कुसुम ग्रामिण सामुदायिक बिधुतिकरणलाई रु १००००००।-(दश लाख) नबढने गरि प्रदान गर्ने ।

निर्णय नं. ८

वडानं. २ को गौरी खोला पुलका लागि विनियोजन भएकै रकमबाट डिपिआर गर्ने ।